**आकाशवाणी समाचार- नेपाली**
**मितिः १८ अप्रेल २०२५**
**समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले यमुना नदीको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न र यसको सफाई, पुनर्स्थापना र भविष्यका योजनाहरूबारे छलफल गर्न समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

२. कलकत्ता उच्च न्यायलयले पश्चिम बंगालको मुर्शिदाबादको हिंसाग्रस्त क्षेत्रहरूमा केन्द्रीय बल तैनाथ गर्ने आदेश दिएको छ।

३. महाराष्ट्र सरकारले नयाँ राष्ट्रिय शिक्षा नीति २०२० अनुरूप कक्षा १ देखि ५ सम्म हिन्दी तेस्रो अनिवार्य भाषा हुने घोषणा गरेको छ।

४. आज विश्व धरोहर दिवस हो। भारतीय पुरातत्व सर्वेक्षणले आज देशका सबै संरक्षित स्मारकहरूमा नि:शुल्क प्रवेशको घोषणा गरेको छ।

५. आईपीएल क्रिकेटमा हिजो राति मुम्बई इन्डियन्सले सनराइजर्स हैदराबादलाई चार विकेटले पराजित गरेको छ।

**<u>प्रधानमन्त्री - यमुना समीक्षा बैठक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले यमुना नदीको वर्तमान अवस्थाको मूल्याङ्कन गर्न र यसको सफाई र पुनर्स्थापना र भविष्यका योजनाहरूबारे छलफल गर्न एक व्यापक समीक्षा बैठकको अध्यक्षता गर्नुभयो। हिजो नयाँ दिल्लीमा भएको बैठकमा नदी सफा गर्ने प्रत्येक निकायको कार्य योजनाको समीक्षा गरिएको थियो। यसका साथै ढल, ठोस फोहोर र ढल व्यवस्थापन, नदीको बहाव सुधार, बाढी मैदान संरक्षण, नदी किनार विकास र जनसम्पर्कका लागि चालिने कार्यहरू, विशेष समयसीमासहित छलफल गरिएको थियो। बैठकमा नदीको हरियाणा खण्ड र दिल्ली खण्डका साथै प्रयागराजको संगमसम्मको समग्र छलफल गरियो।सामाजिक सञ्जालको एक पोस्टमा, प्रधानमन्त्रीले भन्नु भयो, उहाँले यमुनाको सफाई र पुनरुत्थानका साथै दिल्लीको पिउनेपानीकोसमस्यालाई सम्बोधन गर्ने सम्बन्धी बैठकको अध्यक्षता गर्नु भयो। उहाँले भन्नु भयो, केन्द्रले दिल्ली सरकारसँग मिलेर काम गर्नेछ जसले दिल्लीका जनताको लागि विश्वस्तरीय पूर्वाधार र "जीवनको सहजता" सुनिश्चित गर्नेछ।बैठकमा केन्द्रीय गृहमन्त्री अमित शाह, जलस्रोत मन्त्री सी.आर. पाटिल, दिल्लीका मुख्यमन्त्री रेखा गुप्ता र वरिष्ठ सरकारी अधिकारीहरू उपस्थित थिए।

****** ० ******

**<u>पश्चिम बंगाल- हिंसा</u>**

कलकत्ता उच्च न्यायलयले पश्चिम बंगालको मुर्शिदाबादको हिंसाग्रस्त क्षेत्रहरूमा केन्द्रीय बल तैनाथ गर्ने आदेश दिएको छ। न्यायाधीशहरू सौमेन सेन र राजा बसु चौधरीको डिभिजन इजलासले हिंसाको राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) बाट अनुसन्धानको माग गर्ने विपक्षी नेता शुभेन्दु अधिकारी र अन्यको निवेदनलाई खारेज गरेको छ। न्यायलयले केन्द्र सरकार घटनाहरूको बारेमा आफैं जानकारी लिन स्वतन्त्र रहेको र आवश्यक परेमा स्वतन्त्र रूपमा एनआईए अनुसन्धानको आदेश दिन सक्ने बताएको छ।न्यायलयले विस्थापित व्यक्तिहरूको फिर्ती र पुनर्स्थापनाको मूल्याङ्कन गर्न तीन सदस्यीय टोली गठन गर्ने घोषणा पनि गऱ्यो। राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, राज्य मानव अधिकार आयोगका सदस्य र राज्य कानूनी सहायता सेवाका सदस्य सम्मिलित टोलीलाई आगामी महिनाको १५ तारिख भित्र आफ्नो प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ।

****** ० ******

**<u>उच्च न्यायलय - भाजपाको न्याली</u>**

कोलकाता उच्च न्यायलयले पश्चिम बंगालमा बिग्रँदै गएको कानून व्यवस्थाको अवस्था र हिन्दुहरूमाथि भइरहेको अत्याचारको विरुद्धमा भोलि भाजपा युवा मोर्चालाई ऱ्याली गर्न अनुमति दिएको छ। न्यायाधीश तीर्थंकर घोषले भन्नु भयो, ऱ्याली नेताजी भवनबाट सुरु भएर आशुतोष मेमोरियल हलमा समाप्त हुनेछ। साँझ ५ बजेदेखि ८ बजेसम्म ऱ्याली गर्न र त्यसपछि सडकमा सभा गर्न अनुमति दिइएको छ। ऱ्यालीमा अधिकतम १,३०० जना सहभागी हुन सक्छन्।

****** ० ******

**गोयल-डीबीटी**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले प्रत्यक्ष लाभ हस्तान्तरण - डीबीटी प्रणालीको कार्यान्वयनले परिवर्तनकारी परिणामहरू ल्याएको बताउनु भएको छ। भारतको डीबीटी प्रणालीको मात्रात्मक मूल्याङ्कन शीर्षकको नीति पत्रलाई उद्धृत गर्नु हुँदै श्री गोयलले भन्नु भयो, पारदर्शी र प्रविधि-संचालित सुधारहरूका कारण, भारतको कल्याणकारी दक्षता सूचकांक २०१३ मा ०.३२ बाट २०२३ मा ०.९१ मा सुधार भएको छ।उहाँले भन्नु भयो, यी सुधारहरूले भ्रष्टाचार घटाएको छ, योजनाहरूका लाभार्थीहरूको दायरा विस्तार गरेको छ र सब्सिडी आवंटनमा कमी आएको छ। उहाँले भन्नु भयो, डीबीटीले कल्याणलाई ठूलो मात्र नभई स्मार्ट पनि बनाएको छ।

****** ० ******

**महाराष्ट्र - हिन्दी तेस्रो भाषा**

महाराष्ट्र सरकारले नयाँ राष्ट्रिय शिक्षा नीति २०२० अनुरूप मराठी र अंग्रेजी माध्यमका विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म हिन्दी तेस्रो अनिवार्य भाषा हुने घोषणा गरेको छ। हाल यी विद्यालयहरूमा कक्षा १ देखि ४ सम्म मराठी र अंग्रेजी मात्र अनिवार्य छ। राज्य विद्यालय शिक्षा विभागले बुधबार जारी गरेको सरकारी संकल्प-जीआरमा अर्को शैक्षिक वर्षदेखि सुरु हुने नयाँ भाषा पाठ्यक्रमको चरणबद्ध कार्यान्वयनको रूपरेखा प्रस्तुत गरिएको छ। जीआर अनुसार, २०२५-२६ सम्म कक्षा १ देखि ५ सम्म हिन्दीलाई तेस्रो अनिवार्य भाषाको रूपमा लागू गरिनेछ। सोही शैक्षिक वर्षमा कक्षा १ को लागि नयाँ पाठ्यक्रम पनि लागू गरिनेछ। राज्यका गैर-मराठी र गैर-अंग्रेजी माध्यमका विद्यालयहरूले पहिले नै तीन-भाषा सूत्र पालना गरिरहेका छन् जसमा शिक्षणको माध्यम अंग्रेजी र मराठी तोकिएका भाषाहरू हुन्।

****** ० ******

**कर्नाटक जाति जनगणना प्रतिवेदन**

कर्नाटक मन्त्रिपरिषद्ले हिजो सामाजिक-आर्थिक र शिक्षा सर्वेक्षण प्रतिवेदनमाथि छलफल गऱ्यो। बैठकपछि मिडियाकर्मीहरूसँग कुरा गर्नु हुँदै कानून मन्त्री एच के पाटिलले सदस्यहरूले सर्वेक्षण र अन्य प्राविधिक मुद्दाहरूको बारेमा थप विवरणहरू खोजेको बताउनु भएको छ। मन्त्रिपरिषदको बैठकमा समुदायहरूको सम्पत्ति र आयको स्रोतको बारेमा छलफल गरिएको थियो। उहाँले भन्नु भयो, मन्त्रिपरिषद्ले प्रत्येक समुदायको पछाडिपन निर्धारण गर्ने मापदण्डहरू र जनसंख्याको तथ्याङ्कमा पनि छलफल गरेको छ। यी कारणहरूले गर्दा छलफल अनिर्णीत रह्यो, अधिकारीहरूलाई आवश्यक विवरणहरू प्रदान गर्न भनिएको छ। २ मईमा हुने अर्को मन्त्रिपरिषद् बैठकमा प्रतिवेदनमाथि थप छलफल गरिनेछ। श्री एच के पाटिलले जातीय जनसंख्याको तथ्याङ्क गलत भएको भनी मिडिया रिपोर्टहरूको खण्डन गर्नु भएको छ।

****** ० ******

**विश्व धरोहर दिवस**

आज विश्व धरोहर दिवस हो। यसलाई अन्तर्राष्ट्रिय स्मारक तथा विरासत स्थल दिवस पनि भनिन्छ। यस वर्षको विषयवस्तु – **धरोहर स्थलहरुमा आपदा र संघर्षको संकट**। यो दिवस हरेक वर्ष १८ अप्रेलमा सांस्कृतिक र प्राकृतिक धरोहरको सम्मान र संरक्षण गर्न मनाइन्छ।भारतीय पुरातत्व सर्वेक्षणले आज देशका सबै संरक्षित स्मारकहरूमा नि:शुल्क प्रवेशको घोषणा गरेको छ। यस पहलको उद्देश्य देशको समृद्ध सांस्कृतिक धरोहरको बारेमा मानिसहरूलाई सचेत गराउनु र प्रेरित गर्नु हो।

****** ० ******

**नेपाल - सुन**

नेपालको घरेलु बजारमा सुनको मूल्य प्रतितोला ३,६०० रुपियाँले बढेर अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको छ। एक तोला ११ दशमलव छ ग्राम बराबर हुन्छ। नेपाल सुनचाँदी व्यवसायी संघका अनुसार बुधबार हलमार्क सुनको मूल्य प्रतितोला १ लाख ८७ हजार रुपियाँबाट बढेर १ लाख ९९ हजार ६०० रुपियाँ पुगेको छ।नेपालमा २४ क्यारेट सुनको मूल्य प्रतिग्राम १०,२२८ रुपियाँ छ भने भारतमा प्रतिग्राम ९,७३१ रुपियाँ छ। सुनको बढ्दो मूल्य, उच्च उत्पादन शुल्क र गहना बनाउने क्रममा सुनको क्षति जस्ता अतिरिक्त कारण नेपाली सुन बजारले आफ्नो आकर्षण गुमाउँदै गएको छ।

****** ० ******

**गैंगस्टर पासिया पक्राउ**

अमेरिकाको अध्यागमन तथा भन्सार प्रवर्तनले कुख्यात गैंगस्टर हरप्रीत सिंह उर्फ ह्याप्पी पासियालाई पक्राउ गरेको छ। पसियामाथि पञ्जाबमा १४ वटा आतंकवादी हमलाको योजना बनाएको आरोप छ। भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी -एनआईए पनि ह्याप्पी पसियालाई खोजिरहेको थियो। यस वर्षको सुरुमा, एनआईएले चण्डीगढको एक घर र पञ्जाबको पुलिस चौकीमा भएको ग्रेनेड हमलामा संलग्न भएको आरोपमा पासियामाथि ५ लाख रुपियाँको इनाम घोषणा गरेको थियो। ह्याप्पी पसिया पाकिस्तानस्थित आतंककारी हरविंदर सिंह सन्धु उर्फ रिंडाको नजिकको सहयोगी रहँदै आएका छन्। उनी पाकिस्तानी गुप्तचर एजेन्सी-आईएसआई, रिंडा र प्रतिबन्धित आतंकवादी समूह बब्बर खालसा इन्टरनेशनलसँग मिलेर पञ्जाबमा धेरै आतंकवादी गतिविधिहरूमा संलग्न छन्।

****** ० ******

**गुड फ्राइडे**

फआज गुड फ्राइडे हो। यो दिन प्रभु येशू ख्रीष्टको क्रूसमा टाँगिएको सम्झनामा मनाइन्छ। यस दिन प्रभु येशूले मानवतालाई पापबाट मुक्त गर्न आफ्नो जीवन बलिदान दिनुभयो। गुड फ्राइडेमा मानिसहरूले मानवता र आपसी भाइचारालाई बलियो बनाउने प्रतिज्ञा लिन्छन्। प्रभु येशूको पुनरुत्थानको अवसरमा आइतबारदेखि इस्टर उत्सव सुरु हुनेछ।

****** ० ******

**आईपीएल क्रिकेट**

आईपीएल क्रिकेटमा हिजो राति मुम्बई इन्डियन्सले सनराइजर्स हैदराबादलाई चार विकेटले पराजित गर्‍यो। मुम्बईको वानखेडे स्टेडियमममा १६३ रनको लक्ष्यको जवाफमा मुम्बई इन्डियन्सले १८ ओभर र एक बलमा छ विकेट गुमाएर १६६ रन बनायो। विल ज्याक्सले २६ बलमा ३६ रन बनाए भने हार्दिक पाण्ड्याले मात्र ९ बलमा २१ रन जोडे। विल ज्याक्सलाई खेलको उत्कृष्ट खेलाडी घोषित गरियो। पहिले ब्याटिङ गरेको सनराइजर्स हैदराबादले पाँच विकेटको क्षतिमा १६२ रन बनाएको थियो। अभिषेक शर्माले सर्वाधिक ४० रन बनाए।आज रोयल च्यालेन्जर्स बैंगलोरले पञ्जाब किंग्सको सामना गर्नेछ। यो म्याच बेंगलुरुको चिन्नास्वामी स्टेडियममा साँझ ७:३० बजेदेखि खेलिनेछ। दुवै टोलीको हाल छ खेलबाट आठ अंक छ। तर राम्रो रनरेटको आधारमा, रोयल च्यालेन्जर्स बैंगलोर अंक तालिकामा पञ्जाबभन्दा अगाडि तेस्रो स्थानमा छ।

****** ० ******